# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**

**फोन :** ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्स :** ०७१-४३८९५४

Email: info@gblbs.com.np URL: www.gblbs.com.np


## लेखापरीक्षण नभएको वित्तीय विवरण

## आर्थिक वर्ष २०७८/७९ (प्रथम त्रयमास)

रु. हजारमा

| क्र.स. | विवरण | मिति | | |
|---|---|---|---|---|
| | | २०७८ असोज मसान्त | २०७८ असार मसान्त | २०७७ असोज मसान्त |
| **१** | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म)** | **१६,७६०,९८४** | **१६,५६९,५६५** | **१३,२६०,०६४** |
| १.१ | चुक्ता पुँजी | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| १.२ | जगेडा तथा कोषहरु | १,१०७,०५१ | ८२३,१५० | ६३९,९८१ |
| १.३ | ऋणपत्र तथा बण्डहरु | – | – | – |
| १.४ | सापटी | ७,०२१,०५० | ७,०८७,४५६ | ४,६१९,२४३ |
| १.५ | निक्षेपहरु (क+ख) | ३,८४९,७८९ | ३,७९८,५७९ | ३,६४७,०४९ |
| | क) सदस्य | ३,८४९,७८९ | ३,७९८,५७९ | ३,६४७,०४९ |
| | ख) सर्वसाधारण | – | – | – |
| १.६ | आयकर दायित्व | ३९,४७० | १५४,१११ | १८,०३५ |
| १.७ | अन्य दायित्व | ३,७६१,१२४ | ३,७२३,७६९ | ३,३५३,२५६ |
| **२** | **कुल सम्पति (२.१ देखि २.७ सम्म)** | **१६,७६०,९८४** | **१६,५६९,५६५** | **१३,२६०,०६४** |
| २.१ | नगद तथा बैंक मौज्दात | ५७७,३२९ | ७२३,२४९ | ४४८,५८४ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | २०२,०२५ | ८०२,०२५ | १०२,०२५ |
| २.४ | कर्जा तथा सापट | १३,५९२,६९० | १२,६६७,४८९ | १०,५७७,६२४ |
| २.५ | स्थिर सम्पति | २४,३२७ | २३,७५३ | २८,५२६ |
| २.६ | गैर बैकिङ्ग सम्पति | – | – | – |
| २.७ | अन्य सम्पतिहरु | २,३६४,६१३ | २,३५३,०४९ | २,१०३,३०५ |
| **३** | **नाफा नोक्सान हिसाव** | | | – |
| ३.१ | ब्याज आम्दानी | ४७७,४२६ | १,८०६,७७७ | ३५७,०३३ |
| ३.२ | ब्याज खर्च | १७५,३६४ | ५६७,२३० | १४०,४०० |
| ***क*** | ***खुद ब्याज आम्दानी (३.१ - ३.२)*** | **३०२,०६२** | **१,२३९,५४७** | **२१६,६३३** |
| ३.३ | कमीशन तथा अन्य सञ्चालन आम्दानी | ५९,१९८ | १८८,१५६ | ३०,४९९ |
| ३.४ | सटही घटवढ आम्दानी/नोक्सन (खुद) | – | – | – |
| ***ख*** | ***कुल संचालन आम्दानी (क + ३.३ + ३.४)*** | **३६१,२६०** | **१,४२७,७०३** | **२४७,१३२** |
| ३.५ | कर्मचारी खर्च | १५९,६२२ | ७०७,३०२ | १८४,८०८ |
| ३.६ | अन्य संचालन खर्च | २७,२११ | ९८,९१६ | २४,२२९ |
| ***ग*** | ***सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा (ख - ३.५ - ३.६)*** | **१७४,४२७** | **६२१,४८५** | **३८,०९५** |
| ३.७ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ३८,९९६ | २२०,२८३ | २५,४९८ |
| ***घ*** | ***सञ्चालन मुनाफा (ग - ३.७)*** | **१३५,४३१** | **४०१,२०२** | **१२,५९७** |
| ३.८ | गैर सञ्चालन आम्दानी/(नोक्सान) (खुद) | | ९३ | ९३ |
| ३.९ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ९,२९१ | १६३,७६० | ५३,४४० |
| ***ङ*** | ***नियमित कारोवारहरुबाट भएको मुनाफा/(खर्च) (घ +३.८ +३.९)*** | **१४४,७२२** | **५६५,०५५** | **६६,१३०** |
| ३.१० | असाामान्य कारोवारहरुबाट भएको मुनाफा/(खर्च) (खुद) | | १८ | |
| ***च*** | ***बोनस तथा करअघिको मुनाफा (ङ +३.१०)*** | **१४४,७२२** | **५६५,०७३** | **६६,१३०** |
| ३.११ | कर्मचारी बोनस व्यवस्था | १३,१५७ | ५१,३७० | ६,०१२ |
| ३.१२ | आयकर व्यवस्था | ३९,४७० | १५४,१११ | १८,०३५ |
| ***छ*** | ***खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)*** | **९२,०९६** | **३५९,५९२** | **४२,०८३** |
| **४** | **अनुपातहरु (%)** | | | |
| ४.१ | पुँजीकोष/जोखिम भारीत रकम | १०.८९% | ९.१३% | १०.८५% |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा | ३.२५% | ३.३५% | ४.१६% |
| ४.३ | कुल कर्जा बापत जोखिम व्यवस्था/कुल निष्क्रिय कर्जा | १९१.६०% | १८८.६४% | ११३.७२% |
| ४.४ | Cost of Fund (वित्तीय लागत) | ६.६८% | ६.१८% | ७.२८% |
| ४.५ | Deposit to Credit Ratio (कर्जा/निक्षेप अनुपात) | २८.३२% | २९.९९% | ३४.४८% |

सुपरिवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरीक्षकले माथिको अपरिस्कृत वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ। विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुनर्समूहकरण तथा पुर्नवर्गिकरण गरिएको छ।

**ब्याजदर**

बचतमा ५–८.५ प्रतिशत र कर्जामा १२.४५–१४.४५ प्रतिशत

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
## अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्वन्धित)

### आ.व. २०७८/७९ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

**प्रति शेयर आम्दानी (वार्षिक): रू. ३७.४८**
**मूल्य आम्दानी अनुपात : २६.८१**
**प्रति शेयर नेटवर्थ : रू. २१२.६८**
**प्रति शेयर कूल सम्पत्ति : रू. १,७०५.९५**
**तरलता अनुपात : ५.३१**
**पूँजीकोष अनुपात : १०.८९ प्रतिशत**

**२. व्यवस्थापकीय विश्लेषण :**

क) यस अवधिमा संस्थाको मौज्दात, आम्दानी तथा तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धी विवरण : कारोवार बृद्धिसँगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ। निक्षेप, कर्जा तथा मुनाफा सम्वन्धमा वित्तीय विवरणबाट प्रष्ट हुनेछ।

ख) नयाँ अवसरको पहिचान सहित योजनावद्धरुपमा संस्थाको व्यवसाय बृद्धिका लागि कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ।

ग) मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटना, कोभिड-१९ संक्रमणको दोश्रो लहरको महामारी लगायतका कारणले यस संस्थामा केही असर परेको भए तापनि संस्थाबाट उपयुक्त असुली रणनीति एंव कार्ययोजना अनुरुप सुरक्षित ढंगले अघि बढ्ने नीति अवलम्बन गरिएकोले संस्थाको दैनिक कारोवारमा प्रतिकूल असर परेको छैन।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४) संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण :**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार देहाय बमोजिम रहेको छ :

**शेयरको अधिकतम मूल्यः रू. १,४३७/-**
**शेयरको न्यूनतम मूल्यः रू. ८९६/-**
**शेयरको अन्तिम मूल्यः रू. १,००५/-**
**कारोवार भएको कुल दिनः ५७ दिन**
**कारोवार भएको कुल शेयर संख्या : १६,९५,८१२**
**कारोबार संख्या : १९,३९४**

**५) समस्या तथा चुनौति :**

देशमा लघुवित्त वित्तीय संस्थाहरुले शाखा तथा कार्यक्रम विस्तार गर्ने क्रम जारी रहेकोले लघुवित्त क्षेत्र थप प्रतिस्पर्धात्मक एवं चुनौतिपूर्ण बन्दै गएको, कर्जा लगानीमा दोहोरोपना बढेको, कर्जाको व्याजदर घटाउँदै लगिएको तर Cost of Fund मा सोही अनुरुप कमी नभई पछिल्लो समयमा Cost of Fund अत्याधिक बृद्धि भइरहेको र लगानीका लागि आवश्यक वित्तीय श्रोत समेतको अभाव हुने सम्भावना रहेको छ। यद्यपि यस परिस्थितिबाट संस्थामा पर्न जाने असरलाई न्यूनीकरण गर्दै आगामी दिनमा संस्थाले श्रोतको उचित व्यवस्थापन गर्न कर्जा असुली तथा सुरक्षित लगानी तर्फ उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई सुरक्षितसाथ थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने र खर्च कटौती गर्दै जाने रणनीति लिइएको छ।

**६) संस्थागत सुशासन :**

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशनको पूर्णरुपमा पालना गर्नुका साथै संस्थागत सुशासन अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक कार्य गरिरहेको छ। संस्थाको कार्यक्रम सञ्चालन समेतमा जोखीम कम गरी कारोवारलाई चुस्त, छिटो छरितो, पारदर्शि र सुरक्षित बनाउन सञ्चालक तथा व्यवस्थापन तहबाट विभिन्न नीति नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएको, संस्थाको जोखिम व्यवस्थापन तथा संस्थागत सुशासन सम्वन्धमा लेखाजोखा गर्ने गरिएको छ। नेपाल राष्ट्र बैंकको निरीक्षण, वाह्य तथा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनका आधारमा संस्थागत सुशासनलाई अझ सुदृढ बनाउन संस्था कटिबद्ध रहेको छ।

**७) सत्य, तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।